# २०७८ जेष्ठ ३० गते बसेको नगरकार्यपालिकाको ८५ औं बैठकका निर्णयहरु:

**१. नगरकार्यपालिकाको ८४ औं बैठकमा भएका विभिन्न निर्णयहरुलाई समीक्षा गर्ने निर्णय गरियो ।**

**२. कोभिड-१९ सम्बन्धमा** : पञ्चपुरी नगरपालिका भित्र आ.व. २०७७/०७८ सम्ममा कोभिड-१९ को प्रकोप व्यवस्थापनका लागि हाल सम्म कति रकम खर्च भयो ? कति बाँकी छ ? आवश्यक विवरणहरु ८६ औं कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतको समन्वयबाट जानकारी प्राप्त गर्ने निर्णय गरियो ।

**३. योजनाहरुको सम्बन्धमा** : आ.व. २०७७/०७८ मा सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको अनुगमन मूल्यांकन समयमै गर्नका लागि अनुगमन समितिलाई थप सक्रिय बनाउने निर्णय गरियो । साथै वडास्तरीय योजनाहरु छनौटको क्रम शुरु भएसंगै नीति तथा कार्यक्रमसंग समन्वयात्मक हुने गरी आ.व. २०७८/०७९ को बजेटको व्यवस्था हुनुपर्नेमा निर्णय गरियो ।

**३. औषधी उपचार खर्च सम्बन्धमा** : यस पञ्चपुरी नगरपालिकामा कार्यरत कर्मचारी हलुका सवारी चालक श्री प्रशुराम नेपालीको आर्थिक अवस्था कमजोर भएकोले निजले पेश गरेको निवेदन र बिल भर्पाइका आधारमा नीज बिरामी हुदा आवश्यक औषधी उपचारबापत लागेको खर्च रु ४८१९६।- को विवरण आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**४. कृषि तथा पशु शाखामा आ.व. २०७७/०७८ मा सञ्चालन हुने कार्यक्रम सम्बन्धमा:**

- पशुपन्छी विकास उपशाखाबाट कार्यान्वयन हुने कार्यक्रम अन्तर्गत बाखा फर्महरुबाट प्रस्तावित दर लाई आधार मानी पशुपन्छी विकास उपशाखाबाट कायम गरीएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।
- कृषि शाखाबाट आ.व. २०७७/०७८ मा सञ्चालन हुने फलफुल विरुवा रोपन कार्यक्रमको लागत इष्टिमेटको निश्चित रकम अनुदान निर्धारण गर्ने र कृषि शाखाबाट तोकिएको क्रियाकलापको विवरणमा सहजिकरण सेवा तथा सुविधा तथा कार्यक्रमको व्यवस्थापन, अनुगमन, मूल्यांकन, छनौट गर्नका लागि कृषि विकास शाखाबाट सिफारिस गरिएको कृषि विकास समिति गठन गर्नका लागि निर्णय गरियो ।
- हालैका दिनहरुमा यस पञ्चपुरी नगरपालिका क्षेत्रमा लगाईएको मकै बालीमा देखिएको फौजी किरा नियन्त्रणका लागि आवश्यक विषादी व्यवस्थापनका लागि भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

५. पञ्चपुरी नगरपालिका-३ बस्ने विष्णु बहादुर घर्तीको घाँस काट्ने क्रममा रुखबाट खसी मृत्यु भएको र लास पोष्टमार्टम समेतको लागि निजको पारिवारिक आर्थिक अवस्था कमजोर भएको हुदाँ रु १४०००।- बराबरको आवश्यक आर्थिक सहयोग गरिदिनका लागि वडा सिफारिसका साथ निवेदन र

उपेन्द्र बहादुर थापा
नगर प्रमुख

रोमाकान्त पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत